# ६ लालमोहर लगाइएका परमेश्वरका जनहरु

***यस अध्यायका मूल पदहरू:*** प्रकाश ७, २ पत्रुस ३:९-१४, व्यवस्था ८:११-१७, प्रकाश १४:४,५,१२, प्रकाश १७:५ र रोमी ३:१९-२४।

***यस अध्यायको मूल सार पद:*** **"तिनले मलाई भने, "यिनीहरू ती नै हुन्, जुनहरू महासङ्कष्टबाट आएका हुन्, र तिनीहरूले आफ्ना-आफ्ना पोशाकहरू थुमाको रगतमा धोएर सेता बनाएका छन्" (प्रकाश ७:१४ रूपान्तरित)।**

प्रत्येक व्यक्ति जसले येशूलाई विश्वास गर्छु भनेर दावी गरेर त्यसै अनुसार चल्छ त्यसले आशिष पाउनेछ वा चल्दैन वा विश्वासघात गर्छ भने त्यसले श्राप पाउनेछ भनेर सातवटा लालमोहरहरू खोलिएको घट्नाले देखाउँदछ। आत्मिक जीवनमा शिथिल भएर बस्ने परमेश्वरका जनहरूले अनुशासनद्वारा विजयी जीवन बिताउन् भनेर प्रथम चारवटा लालमोहरले व्याख्या गर्दछ। तैपनि जतिसुकै विश्वासको सतमा रहन्छु भने पनि परमेश्वरका जनहरू सुसमाचारप्रति शत्रुवत व्यवहार गर्ने यस संसारमा अन्याय, अत्याचार र दवावहरूको मुखमा परिरहन्छन्। परमेश्वरका जनहरूलाई नोक्सान पुऱ्याउनेहरूलाई सम्हाल्न परमेश्वर तयार हुनुभएको कुरा छैटौं लालमोहर खोलिएको घट्नाले देखाउँदछ।

छैटौं र सातौं लालमोहरको बीचमा हुने घटनामा अध्याय ७ घुसारिएको छ। छैटौं लालमोहरले हामीहरूलाई येशूको दोस्रो आगमनमा ल्याउँदछ। दुष्टहरूले न्यायको सामना गरिरहेको बेलामा ख्रीष्टको आगमनमा को खडा हुनसक्छ भन्ने प्रश्नको जवाफ अध्याय ७ले दिँदछ। तिनीहरू जुन् लालमोहर लगाइएकाहरू वा छाप लगाएकाहरू अर्थात् १४४,०००। तिनीहरूको अरु चरित्र, गुण वा स्वभावहरूको बर्णन प्रकाश १४:१-५मा गरिएको छ।

छैटौं र सातौं तुरहीको आवाजहरूको बीचमा पनि प्रकाश १०:११:१४ घुसारिएको छ। ती दुवै छ र सात लालमोहर र छ र सात तुरहीहरूको आवाजको बीचमा हुने घट्नाले इसाई जगतमा ठूलो जागरणको सृजना भएको इसाई इतिहासले बताउँदछ। यही जागरणमा एडभेन्टिस्ट अभियान जन्मेको थियो। यो त्यही समयमा घटेको थियो जब प्रकाश ७ खोल्दा

के घट्ना देखाइएको थियो र संसारको अन्तमा परमेश्वरका जनहरूले गर्नुपर्ने काम र हुनुपर्ने अनुभवलाई केन्द्रित गरिएको थियो।

## १. बतासलाई रोकेर राखिन्छ

**प्रकाश ७:१-३सँगै २ पत्रुस ३:९-१४पढ्नुहोस्। यहाँ यूहन्नाले के देखिरहेका छन्? स्वर्गदूतहरूलाई हुरीबतासलाई रोकिराख भनेर अऱ्हाँउँछन् तर कतिसम्म? जब परमेश्वरका विशेष जनहरूमा लालमोहर वा छाप लगाइसकिन्छ तब के हुन्छ? हेर्नुहोस् प्रकाश ७:१-३ "१ यसपछि पृथ्वीमा वा समुद्रमा वा रूखमा बतास नचलोस् भनी चार स्वर्गदूतहरू पृथ्वीका चारै बतासलाई रोकेर पृथ्वीका चार कुनामा उभिरहेका मैले देखें। २ तब जीवित परमेश्वरको मोहोर साथमा लिई अर्को एक जना स्वर्गदूत पूर्वबाट उक्लेका मैले देखें। पृथ्वी र समुद्रलाई हानि पुऱ्याउने अख्तियार दिइराखेका चार स्वर्गदूतलाई यसो भनेर तिनले चर्को सोरले भने, ३ "हामीले हाम्रा परमेश्वरका सेवकहरूका निधारमा मोहोर नलाउञ्जेल पृथ्वी, समुद्र वा रूखहरूलाई केही हानि नगर।" र २ पत्रुस ३:९-१४ "९ आफ्नो प्रतिज्ञाको बारेमा प्रभु ढिलो गर्नुहुन्छ भन्ने कसै-कसैको भनाइ भए तापनि उहाँ ढिलो गर्नुहुन्न, तर कोही पनि नष्ट नहोस्, तर सबै जनाले पश्चात्ताप गरून् भन्ने इच्छा गरेर प्रभु तिमीहरूप्रति धैर्यवान् हुनुहुन्छ। १० तर प्रभुको दिन त चोरजस्तै गरी झट्टै आउनेछ, जसमा आकाशचाहिँ ठूलो आवाजसाथ बितिजानेछ, तत्त्वहरू आगोको रापले पग्लिनेछन्, र पृथ्वी र त्यसमा भएका सबै थोक भस्म हुनेछन्। ११ यी सबै कुराहरू यसरी पग्लन्छन् भन्ने जानेर पवित्रता र भक्तिको जीवनमा तिमीहरू कस्ता किसिमका मानिस हुनुपर्छ? १२ तिमीहरू परमेश्वरको दिन प्रतीक्षा गर्दछौ, र त्यस दिनलाई नजिक ल्याउन चाहन्छौ, जुन दिन आकाशहरू जलेर भस्म हुनेछन्, र तत्त्वहरू आगोको रापमा पग्लनेछन्। १३ तर उहाँको प्रतिज्ञाबमोजिम हामी नयाँ स्वर्ग र नयाँ पृथ्वीको बाटो हेर्छौं, जसमा धार्मिकताले वास गर्छ।१४ यसकारण प्रिय हो, तिमीहरू यी कुराको प्रतीक्षा गर्नेहरू भएका हुनाले, उहाँको दृष्टिमा तिमीहरू दाग वा खोट नभएकाहरू र शान्तिमा बस्नेहरू हुन प्रयत्न गर।"**

दुष्टहरूको न्याय गरेर परमेश्वरले विध्वंस हुरी बतास पठाउनुहुन्छ भनेर पुरानो करारले बताउँछ। अर्थात् बतास परमेश्वरले अन्यायमाथि गरिने फैसलाको प्रतीक हो ("१९ हेर, क्रोधमा परमप्रभुको आँधी उठ्नेछ, दुष्टहरूका टाउकोमा भूमरीको झोक्का बजारिनेछ। २० आफ्नो मनका उद्देश्यहरू सिद्ध

नहोउञ्जेल, परमप्रभुको रिस मर्नेछैन। आउने दिनहरूमा तिमीहरूले यो राम्ररी बुझ्नेछौ। २१ यी अगमवक्ताहरूलाई मैले पठाइनँ, तापनि तिनीहरू आफ्ना सन्देश लिएर कुदेर गए। तिनीहरूसित म बोलिनँ, तापनि तिनीहरूले अगमवाणी कहे।" यर्मिया २३:१९-२१ र "दानिएलले भने, “मेरो दर्शनमा राती मैले हेरिरहँदा मेरो अगि आकाशका चार बतासहरूले ठूलो समुद्रलाई मन्थन गरिएका थिए।" दानिएल ७:२। "जब मानिसहरूको हुरीबतास जस्तै मानव अभिलाषलाई स्वर्गदूतहरूले थामी राख्न छोड्दछन् तब मानिसहरूमा हुने घमासान द्वन्दका तत्वहरू फुत्किनेछन्।"-एलेन जी ह्वाइट, द ग्रेट कन्त्रोभर्सी, पृ. ६१४बाट रूपान्तरित। जबसम्म परमेश्वरका जनहरूको निधारमा छाप लगाइदैंन तबसम्म ती बिनाशकारी शक्तिहरूलाई परमेश्वरको हस्तक्षेपले रोकिराखेको हुन्छ।

पौराणिक कालमा कुनै थोकलाई लालमोहर वा छाप लगाउनुको अर्थ त्यो थोक कसको हो भनेर थाहा पाउनका लागि हुन्थ्यो। यसरी नै साङ्केतिक शब्दमा नयाँ करार अनुसार परमेश्वरका जनहरूलाई छाप लगाउनुको अर्थ आफ्ना जनहरू को हुन् भनेर परमेश्वरले थाहा पाउनु हो (१९ तर परमेश्वरको दृढ़ जग खड़ै रहन्छ, र त्यसमा यो छाप लागेको छ, “प्रभुले आफ्ना जतिलाई चिन्नुहुन्छ,” र “प्रभुको नाउँ लिने जति हरेक अधर्मबाट टाढ़ै रहोस्।” २ तिमोथी २:१९)। आफ्ना जनहरू को हुन् भनेर परमेश्वरलाई थाहा छ र तिनीहरूलाई पवित्र आत्माको लालमोहर वा छाप लगाइदिनुहुन्छ ("१३ तिमीहरू, जसले सत्यको वचन, अर्थात् आफ्नो मुक्तिको सुसमाचार सुन्यौ, र उहाँमा विश्वास गऱ्यौ, उहाँमा नै तिमीहरूलाई प्रतिज्ञा गरिएका पवित्र आत्माको छाप लगाइएको थियो। १४ परमेश्वरको आफ्नो सम्पत्ति, अर्थात् हामीहरूले हाम्रो पूर्ण उद्धार नपाएसम्म उहाँका महिमाको प्रशंसाको निम्ति पवित्र आत्मा हाम्रो उत्तराधिकारको बैना हुनुहुन्छ।" एफिसी १:१३-१४ र "अनि परमेश्वरका पवित्र आत्मालाई दुःखित नतुल्याओ, जसमा उद्धारका दिनको निम्ति तिमीहरू छाप लगाइएका छौ।" एफिसी ४:३०)। अन्तमा परमेश्वरका विश्वासी जनहरूको निधारमा छाप लगाइदिएको हुन्छ। ती विश्वासी जनहरू हुन् जसले उहाँका आज्ञाहरू पालन गर्दछन् (प्रकाश १४:१,१२ "१ अनि मैले हेरें, र सियोन डाँड़ामा थुमा खड़ा हुनुभएको मैले देखें। उहाँको साथमा एक लाख चवालीस हजार थिए, जसका निधारमा उहाँको नाउँ र उहाँका पिताको नाउँ लेखिएका थिए।...१२ परमेश्वरका आज्ञाहरू पालन गर्ने र येशूमाथि

विश्वास राख्ने (कतिपय अङ्ग्रेजी अनुवादहरूमा येशूको विश्वास भनेर अनुवाद गरिएको छ) सन्तहरूको धैर्य धारण यसैमा छ। १३ अनि स्वर्गबाट आएको यस्तो आवाज मैले सुनें, "यो लेखः अब उप्रान्त प्रभुमा मर्नेहरू धन्यका हुन्।" आत्मा भन्नुहुन्छ, "हो, तिनीहरूले आफ्नो-आफ्नो परिश्रमबाट आराम पाउनेछन्, किनकि तिनीहरूका काम तिनीहरूका पछि लाग्नेछन्।" प्रकाश १४:१२-१३)। यो सबैले देखिने निधारमा लगाउने टीका जस्तो होइन। यस सन्दर्भमा एलेन जी ह्वाइट भन्नुहुन्छ "यो सत्यलाई आफ्नो दिमागमा स्थायीत्व दिएर राख्नु हो। बौद्धिक र आत्मिक रूपमा विश्वासीहरू अटल भएर बस्नु हो जसले गर्दा कुनै पनि परिस्थितिले विश्वासीलाई हल्लाउन सक्दैन।"-लास्ट डे इभेन्टस्, पृ. २२०बाट रूपान्तरित। त्यसको ठिक बिपरित जो परमेश्वरको विरुद्धमा वा शैतानको पक्षमा रहन्छ त्यसलाई पशुको छाप लगाइदिएको हुन्छ ("१६ अनि त्यसले साना र ठूला, धनी र गरीब, फुक्का र कमारा सबैलाई तिनीहरूका दाहिने हात वा निधारमा छाप लगाउन लायो। १७ त्यो छाप नभईकन कसैले पनि किनमेल गर्न नपाउने भयो। त्यो छापचाहिँ त्यस पशुको नाउँ वा त्यसका नाउँको संख्या हो।" प्रकाश १३:१६-१७)।

छाप लगाइएका परमेश्वरका जनहरूको विश्वास प्रत्येक पिँढीका विश्वासीहरूलाई जाँचिरहेको हुन्छ। तर अन्तको समयमा हुने शङ्कटमा परमेश्वरका जनहरू को हुन् वा होइन भनेर विश्वास जाँच्ने तत्व उहाँका आज्ञाहरू हुन् र येशूको विश्वास तिनीहरूमा हुनु हो (प्रकाश १२:१७, १४:१२)। विशेष गरेर येशू र उहाँले सिकाउनुभएको परमपिता परमेश्वर नै सृष्टिकर्ता हुनुहुन्छ भनेर ठोकुवा गरेर देखाउने चौथौ आज्ञा सबैको विश्वास जाँच्ने तत्व हुन्छ ("तिनले चर्को सोरमा भने, "परमेश्वरसँग डराओ, र उहाँलाई महिमा देओ। किनकि उहाँका इन्साफको घड़ी आएको छ। स्वर्ग, पृथ्वी, समुद्र र पानीका मूलहरू बनाउनुहुनेलाई दण्डवत् गर।" प्रकाश १४:७)। पौराणिक इस्राएल अर्थात् बाइबलको समयमा परमेश्वरका जनहरू को हुन् भनेर देखाउने चिन्ह तिनीहरूलाई पालन गर्न अऱ्हाइएको साबथ थियो ("१२ त्यसबाहेक तिनीहरूलाई पवित्र पार्ने म परमप्रभु नै हुँ भन्ने कुरा तिनीहरूले जानून् भनेर तिनीहरू र मेरो बीचमा चिन्हको लागि मैले तिनीहरूलाई शबाथदिनहरू पनि ठहराइदिएँ।...२० मेरा शबाथहरू पवित्र राख, र ती मेरो र तिमीहरूका बीचमा चिन्ह होऊन्। तब तिमीहरूले म नै परमप्रभु तिमीहरूका परमेश्वर हुँ भनी जान्नेछौ।" इजकिएल २०:१२,२० र "९ यसकारण परमेश्वरका जनहरूका

निम्ति शबाथको विश्राम बाँकी नै छ। १० किनकि परमेश्वरको विश्राममा प्रवेश गर्ने जोसुकैले पनि आफ्नो परिश्रमदेखि विश्राम गर्छ, जसरी परमेश्वरले आफ्नो परिश्रमदेखि विश्राम लिनुभयो।" हिब्रू ४:९-१०)। जसरी पुरानो करारमा साबथ पालन गर्नेहरूले आफूहरू परमेश्वरको पक्षमा उभिरहेका छौं भनेर देखाउँदथे भने त्यसरी नै युगको अन्तमा हुने अन्तिम शङ्कटमा येशूका कर्मठ बिश्वासीहरूले साबथलाई पालन गरेर आफूहरू सृष्टिकर्ताको पक्षमा उभिरहेको कुरा प्रमाणित गर्नेछन्।

युगको अन्तमा परमेश्वरका जनहरूलाई लगाइने छाप सातवटा महामारीहरूबाट जोगाउने सुरक्षा कवच हुनेछ (यही सन्दर्भमा इजकियलले आफ्नो दर्शनमा देखेको कुरा यसरी लेख्दछन्ः इजकिएल ९:१-११ "१ तब उहाँले ठूलो सोरमा कराउनुभएको मैले सुनें, "सहरका गारदहरूलाई हरेकको हातमा आफ्नो हतियारसमेत ल्याओ।" २ तब छ जना मानिसहरू हरेकले आ-आफ्नो हातमा घातक हतियार लिएर उत्तरतिर फर्केको माथिल्लो प्रवेशद्वारबाट आइरहेका मैले देखें। सूती कपड़ा लाएको र कम्मरमा मसीदानी भिरेको एक जना मानिस तिनीहरूसित थियो। तिनीहरू भित्र आए, र काँसाका वेदीको छेउमा उभिए। ३ अब इस्राएलका परमेश्वरको महिमाचाहिँ करूबहरूदेखि मास्तिर हटेर मन्दिरको सँघारमा पुगिसकेको थियो। तब परमप्रभुले त्यो सूती कपड़ा लाउने र मसीदानी भिर्ने मानिसलाई आफ्नो छेउमा बोलाउनुभयो, ४ र त्यसलाई भन्नुभयो, "यरूशलेम सहरका चारैतिर गएर त्यसमा गरिएका सबै घिनलाग्दा कामहरू देखेर शोक र विलाप गर्ने सबै मानिसहरूका निदार-निदारमा एउटा चिन्ह लगा।" ५ मैले सुनिरहँदा उहाँले अरूहरूलाई चाहिँ भन्नुभयो, "तिमीहरूचाहिँ दया वा करुणा नगरी सहरभित्र त्यसको पछिपछि गएर मार। ६ बूढ़ा मानिस, तरुण-तरुणी, स्त्री र बालकहरू सबैलाई खतम पार, तर निदारमा त्यो चिन्ह भएको कसैलाई पनि नछोओ। मेरो पवित्रस्थानदेखि नै सुरु गर।" यसैले तिनीहरूले मन्दिरको सामुन्ने भएका धर्म-गुरुहरूदेखि नै यो काम सुरु गरे। ७ तब उहाँले तिनीहरूलाई भन्नुभयो, "मन्दिर बिटुलो पारिदेओ, र चोकहरू मारिएकाहरूका लाशहरूले भरिदेओ। जाओ!" यसैले तिनीहरू गएर सहरका चारैतिर मार्न सुरु गरे। ८ जब तिनीहरूले मार्दैथिए, र मचाहिँ एक्लै छोड़िएँ, तब घोप्टो परेर रुँदै मैले भनें, "हे परमप्रभु परमेश्वर, यरूशलेममाथि आफ्नो क्रोध खन्याउनुहुँदा इस्राएलका बचेकाहरू जम्मैलाई पनि के तपाईं सर्वनाश गर्नुहुन्छ र?" ९ उहाँले मलाई भन्नुभयो, "इस्राएल र यहूदाका

घरानाको पाप असाध्य ठूलो छ। देश रक्तपातले भरिएको छ, र सहरचाहिँ अन्यायले भरिपूर्ण छ। तिनीहरू भन्छन्, 'परमप्रभुले देशलाई त्याग्नुभएको छ, परमप्रभुले देख्नुहुन्न'। १० यसैले म तिनीहरूलाई टिठ्याएर हेर्नेछैनँ। म तिनीहरूलाई छोड्नेछैनँ, तर जे तिनीहरूले गरेका छन्, तिनीहरूको कामको बदला म तिनीहरूकै शिरमा खन्याइदिनेछु।" ११ तब त्यो सूती कपड़ा लगाएको र कम्मरमा मसीदानी भिरेको मानिसले यसो भनेर खबर ल्यायो, "तपाईंले मलाई आज्ञा गर्नुभएबमोजिम मैले गरें।" इजकिएलले देखेका दर्शनको पृष्ठभूमि प्रकाश ७:१-३ले बुझाउँदछ " १ यसपछि पृथ्वीमा वा समुद्रमा वा रूखमा बतास नचलोस् भनी चार स्वर्गदूतहरू पृथ्वीका चारै बतासलाई रोकेर पृथ्वीका चार कुनामा उभिरहेका मैले देखें। २ तब जीवित परमेश्वरको मोहोर साथमा लिई अर्को एक जना स्वर्गदूत पूर्वबाट उक्लेका मैले देखें। पृथ्वी र समुद्रलाई हानि पुऱ्याउने अख्तियार दिइराखेका चार स्वर्गदूतलाई यसो भनेर तिनले चर्को सोरले भने, ३ "हामीले हाम्रा परमेश्वरका दासहरूका निधारमा मोहोर नलाउञ्जेल पृथ्वी, समुद्र वा रूखहरूलाई केही हानि नगर" )। त्यसकारण प्रकाश ६:१७मा उठाइएको प्रश्न परमेश्वरको क्रोधको दिनमा को खडा हुनसक्छको जवाफ आखिरमा पूरा हुन्छः जो परमेश्वरका जनहरूमा छाप लगाइएको हुन्छ तिनीहरू उहाँको क्रोधबाट सुरक्षित भएर उभिन सक्ने हुन्छन्।

**हामीलाई छाप लगाइसकेको वा सिल गरिसकेको पवित्र आत्माको चित्त नदुखाऊ भनेर पावलले एफिसी ४:३०मा भन्दछन्। यसको अर्थ के हो? कसैले पवित्र आत्मालाई कसरी चित्त दुखाउँछ? तपाईंले आफ्नो व्यवहारमा के परिवर्तन वा निर्णयहरू गर्नुहुन्छ जसले गर्दा पवित्र आत्माको चित्त नदुखोस्?**

## २. छाप लगाइएका परमेश्वरका जनहरू

**प्रकाश ७:४-८मा परमेश्वरका विशेष संख्यालाई लालमोहर वा छाप लगाइने भनिएको छ। त्यो विशेष संख्याको अर्थ के हो? हेर्नुहोस्ः "४ तब मैले मोहोर लगाइएकाहरूको संख्या सुनें। तिनीहरू एक लाख चवालीस हजार थिए, र तिनीहरू इस्राएलका सन्तानको प्रत्येक कुलबाट थिए। ५ यहूदाको कुलबाट बाह्र हजारलाई मोहोर लगाइयो, रूबेनको कुलबाट बाह्र हजारलाई, गादको कुलबाट बाह्र हजारलाई, ६ आशेरको कुलबाट बाह्र हजारलाई, नप्तालीको कुलबाट बाह्र हजारलाई, मनश्शेको कुलबाट बाह्र हजारलाई, ७ शिमियोनको**

**कुलबाट बाह्र हजारलाई, लेवीको कुलबाट बाह्र हजारलाई, इस्साखारको कुलबाट बाह्र हजारलाई, ८ जबूलूनको कुलबाट बाह्र हजारलाई, योसेफको कुलबाट बाह्र हजारलाई, बेन्यामीनको कुलबाट बाह्र हजारलाई मोहोर लगाइयो।"**

जब मोहर लगाएइका मानिसहरूको संख्याको घोषणा गरियो तब मोहर लगाउन पूर्ण भएको थियो। इस्राएलका बाऱ्ह कुलका १४४,००० मानिसहरूलाई मोहर लगाइयो भनेर यूहन्नाले सुनेका थिए। यो वास्तविक वा अक्षरस संख्या नभएर त्यो संख्या के को प्रतीक हो त्यसले हामीलाई त्यसको अर्थले बुझाउँछ। १४४,००० संख्यामा १२ गुणा १२ गुणा १,००० समावेस भएको छ। परमेश्वरका जनहरूलाई देखाउने प्रतीक वा चिन्ह बाऱ्ह होः इस्राएलका बाऱ्ह कुल र चर्च बाऱ्ह प्रेरितहरूको जगमा बनाइएको थियो (एफिसी २:२० "त्यो घराना प्रेरितहरू र अगमवक्ताहरूको जगमाथि बसालेर निर्माण भएको छ, र ख्रीष्ट येशू आफैचाहिँ मुख्य कुने-ढुङ्गो हुनुहुन्छ")। यसरी अन्तको समयमा परमेश्वरका जनहरूको पूर्णतालाई देखाउन १४४,००० भनेर खडा गरिएको छः "सबै इस्राएलीहरू" (यहूदी र अयहूदीहरू) जो येशूको आगमनको निम्ति पर्खिरहेका हुन्छन् र जो मृत्युलाई नचाखी स्वर्गमा स्वर्गीय जीवहरूमा परिणत गरि लगिनेछन् (रोमी ११:२५-२७ "२५ भाइ हो, आफ्नै अभिमानमा तिमीहरू बुद्धिमान् हुन खोज्छौ कि भनेर तिमीहरू यो रहस्य बुझ भन्ने म चाहन्छु, कि अन्यजातिहरूको संख्या पूर्ण नभएसम्म इस्राएलीहरूको एक अंशमा कठोरता आएको छ। २६ यसरी सारा इस्राएलको उद्धार हुनेछ, जस्तो लेखिएको छः "उद्धारक सियोनबाट आउनुहुनेछ, उहाँले याकूबबाट अधर्म हटाउनुहुनेछ।" २७ "अनि तिनीहरूसँग मेरो करार यही हुनेछ, जब म तिनीहरूका पाप हरण गर्नेछु।" र १ कोरन्थी १५:५०-५३ "५० अब भाइ हो, म तिमीहरूलाई यो भन्दछु, मासु र रगत स्वर्गका राज्यको हकदार हुन सक्दैन, न त विनाश अविनाशको हकदार हुन सक्छ। ५१ हेर, म तिमीहरूलाई एउटा रहस्य भन्दछु, हामी सबै सुत्दैनौं, तर हामी सबैको परिवर्तन हुनेछ, ५२ एकै क्षणमा, आँखाको एक निमेषमा, तुरहीको आखिरी आवाजमा। किनभने, तुरही बज्नेछ, र मृतकहरू अविनाशी भएर जीवित हुनेछन्। अनि हाम्रोचाहिँ परिवर्तन हुनेछ। ५३ किनकि यस विनाशी स्वभावले अविनाशी, र यस मरणशील शरीरले अमरत्व धारण गर्नुपर्छ। ५४ जब विनाशीले अविनाशी र मरणशीलले अमरत्व धारण गर्छ, तब लेखिएको त्यो वचन पूरा हुनेछ, "मृत्यु विजयमा निलिएको छ")। प्रकाश ७ अध्यायमा उल्लेख गरिएका १२ कुल

अक्षरस र वास्तविक होइन किनभने वर्तमान इस्राएलमा ती कुलहरूको अस्तित्व छैन। ऐतिहासिक कालमा उत्तर र दक्षिण इस्राएली राज्यहरूमा इस्राएलका कुलहरू थिए तर आज त्यो राज्यको अस्तित्व पनि छैन। जब असेरियाले इस्राएलमा हमला गरे तब उत्तरका दश कुलहरूलाई युद्धबन्दी बनाएर लगिएको थियो (२ राजा १७:६-२३)। ती कुलहरू त्यस देश र अरू देशका जनताहरूसँगै मिसिन गएका थिए। त्यस परिप्रेक्ष्यमा १२ कुल भन्दा आजको यहूदीहरूको संख्यालाई लिइएको छैन।

फेरि प्रकाश ७को जुन सूचीमा १२ कुलहरू उल्लेख गरिएको छ त्यो सूची बाइबलका अरू सूचीहरूसँग मेल खान्दैन (गन्ती १:५-१५ र इजकिएल ४८:१-२९सँग तुलना गर्नुहोस्)। प्रकाश ७:५मा यहूदालाई प्रथम कुलमा उल्लेख गरिएको छ तर गन्ती १:५मा रुबनको कुललाई प्रथम कुल भनेर उल्लेख गरिएको छ। फेरि दान र एफ्रेमका कुलहरूको नाउँलाई मेटिएको छ जब गन्ती १ र इजकिएल ४८मा उल्लेख गरिएको छ। तर त्यसको ठाउँमा लेबी र युशूफ भनेर उल्लेख गरिएको छ (प्रकाश ७:७,८)। दान र एफ्रेमको कुललाई प्रकाश ७को सूचीमा उल्लेख नगरिएको विशेष कारणहरू छन्। पुरानो करारमा ती कुलहरू इस्राएली आस्थालाई त्यागेर परमेश्वरको इच्छा बिरुद्ध मूर्तिपूजामा संलग्न भएका थिए (१ राजा १२:२८-३० "२८ सरसल्लाह लिएर राजाले सुनका दुई वटा बाछा बनाए। तिनले मानिसहरूलाई भने, "तिमीहरूलाई यरूशलेममा जान अति कष्ट हुन्छ। हे इस्राएल हो, तिमीहरूलाई मिश्रदेशबाट निकालेर ल्याएका तिमीहरूका देवताहरू त यहाँ पो छन्।" २९ तिनले एउटा बेथेलमा र अर्कोचाहिँ दानमा स्थापन गरे। ३० अनि यही कुरा इस्राएलमा पाप भयो। मानिसहरू दानसम्मै त्यहाँ भएको देवतालाई पूजा गर्न जान्थे।" होश् ४:१७ "एफ्राइम मूर्तिहरूको साथी भएको छ। त्यसलाई छोड़िदेओ")।

प्रकाश ७को सूची त्यसकारण ऐतिहासिक नभएर आत्मिक हो। प्रकाश ७को सूचीमा दान र एफ्रेम नभएकोले यो देखाउँदछ कि परमेश्वरलाई विश्वासघात गरिएको हुनाले ती दुई कुलहरू परमेश्वरका लालमोहर लगाएका मानिसहरूमा स्थान पाउनेछैनन्। नयाँ करारमा चर्चलाई पनि बाऱ्ह कुल भनेर सम्बोधन गरिएको छ (याकूब १:१ "परमेश्वर र प्रभु येशू ख्रीष्टको सेवक **याकूबबाटः** ठाउँ-ठाउँमा छरपष्ट भएका बाह्र कुललाई, अभिवादन")। प्रकाश ७मा उल्लेख गरिएका १२ कुलहरू ती परमेश्वरका सम्पूर्ण जनहरू हुन् जो

युगको अन्तमा जुनसुकै परिस्थितिको सामना गर्नुपरेतापनि परमेश्वरप्रतिको आस्थामा अटल भएर बस्दछन्।

**अनेकौ परीक्षा, सङ्कट, दुःख, कष्ट झेलेर बस्नु परेतापनि जो परमेश्‍वरप्रतिको आस्थामा अटल भएर बस्छन् तिनीहरूलाई परमेश्वरले बल दिनुहुनेछ भनेर बाइबलमा दिइएका प्रतिज्ञाहरू के तपाईंलाई थाहा छ?**

## ३. ठूलो जमात

**प्रकाश ७:९,१०मा यूहन्नाले केवल १४४,०००बाहेक अरू ठूलो जमात सन्तहरू आफ्नो दर्शनमा देख्दछन्? तिनीहरूको बारेमा कस्तो वर्णन गरिएको छ? तिनीहरू कहाँबाट आए? परमेश्वरको सिंहासनको सामु तिनीहरू के भनेर चिच्याइरहेका छन्? हेर्नुहोस्: "९ यसपछि कुनै मानिसले गन्न नसक्ने एउटा ठूलो भीड, जो हरेक जाति, सबै कुलहरू, मानिसहरू र भाषा बोल्नेबाट थियो, सेता पोशाक पहिरेर हातमा खजूरका हाँगा लिई सिंहासन र थुमाको सामुन्ने उभिरहेको मैले देखें। १० तिनीहरू उच्च सोरले कराए: "सिंहासनमा विराजमान हुनुहुने हाम्रा परमेश्वर र थुमामा मुक्ति छ।"**

यूहन्नाले ठूलो हुलका हुल मानिसहरू देख्दछन्। तिनीहरूको संख्या यस्तो अनगिन्ति थियो कि तिनीहरूलाई कसैले गन्न सक्दैनथे। तिनीहरू कहाँबाट आए भन्दा तिनीहरू महाकष्ट सहेर आएका थिए, तिनीहरूले लगाइरहेका वस्त्रहरू थुमाको रगतले धोएर सेतो पारिएका थिए (प्रकाश ७:१४ रूपान्तरित)। त्यसको अर्थ तिनीहरू विशेष समूहका विश्वासीहरू थिए। तिनीहरू अनेकौं कष्टको अनुभव गरेर येशूप्रतिको विश्वास तथा आस्थामा अटल भएर निस्किएका थिए। तिनीहरूको निष्ठालाई तिनीहरूले लगाइ राखेको सेतो वस्त्रले जनाएको थियो। त्यो थियो येशूको सिद्ध धार्मिकताको प्रतीक। "महाशङ्कष्ट" भन्ने शब्द बाइबलमा बारम्बार उल्लेख गरिएको छ। तिनीहरूले येशूप्रतिको आस्थाले गर्दा पाएका दुःखकष्टको बारेमा त्यस शब्दले सम्बोधन गर्दछ (उदाहरणमा प्रस्थान ४:२९-३१ "तब मोशा र हारून गए, र इस्राएलीहरूका जम्मै धर्म-गुरुहरूलाई जम्मा गरे। ३० अनि परमेश्वरले मोशालाई भन्नुभएका सबै कुराहरू हारूनले तिनीहरूलाई बताए। मोशाले मानिसहरूका आँखाकै सामुन्ने ती चिन्हहरू देखाए, ३१ र मानिसहरूले पत्याए। परमप्रभु इस्राएलीहरूको चिन्ता लिनुहुन्छ र तिनीहरूको कष्ट पनि

देख्नुभएको छ भनी जब तिनीहरूले सुने, तब तिनीहरूले आफ्ना शिर निहुराएर दण्डवत् गरी आराधना गरे।", भजन ९:९ "थिचोमिचोमा परेकाहरूका निम्ति परमप्रभु किल्ला हुनुहुन्छ, कष्टको समयमा एउटा शरणस्थान।", मत्ती २४:९ “तब तिनीहरूले तिमीहरूलाई सङ्कष्टको लागि सुम्पिदिनेछन्, र तिमीहरूलाई मार्नेछन्, र मेरो नाउँको खातिर सबै जातिहरूले तिमीहरूलाई घृणा गर्नेछन्।", यूहन्ना १६:३३ "मैले तिमीहरूलाई यी कुरा यस हेतुले भनेको छु, कि ममा तिमीहरूलाई शान्ति होस्। संसारमा तिमीहरूलाई सङ्कष्ट हुनेछ, तर साहस गर, मैले संसारलाई जितेको छु।” र रोमी ५:३,४ "३ यति मात्र होइन, तर हामी आफ्नो सङ्कष्टमा रमाउँछौं, यो जानेर कि सङ्कष्टले सहनशीलता उत्पन्न गराउँछ, ४ सहनशीलताले चरित्र, र चरित्रले आशा उत्पन्न गराउँछ")। कतिपय एडभेन्टिस्टहरूले यो समूह १४४,००० भनेर बुझेका छन् भनेतापनि हामीले यो बुझ्न सक्छौं कि "ठूलो जमात वा भिड" भनेको युगौं युगदेखिका येशूका सम्पूर्ण विश्वासीहरू हुन् जसले उहाँप्रतिको आस्थाले गर्दा शहीद भएका थिए र शङ्कष्ट भोगेका थिए।

कसैले गन्न नसकेको ठूलो जमात वा हुलकाहुल मानिसहरू भनेर यूहन्नाले देखेको वर्णनले मुक्ति भनेको अनुग्रहबाट पाइन्छ भन्ने बाइबलको महान् विषयबस्तुलाई औँल्याइएको हामी देख्दछौं। मुक्तिको लागि कसैले दावी गर्छ भने आफ्नो धर्मकर्मले होइन, कसैले अजम्मरी जीवन पाउँछ भने आफ्नो अथक प्रयासबाट वा अरूभन्दा आफू धर्मात्मा बन्ने प्रतिस्पर्धाबाट होइन, कोही नयाँ स्वर्ग र आकाशमा प्रवेश गर्न चाहन्छ भने आफू धर्मी भएको कारणले होइन तर येशू ख्रीष्टको धार्मिकताद्वारामात्र हुन्छ। त्यो पनि परमेश्वरको अनुग्रहद्वारा पाउने कुरो हो।

"एक फेरा शैतानको पक्षमा उभिएर अत्यन्त जोशिलो भएर येशूको बिपक्षमा युद्ध गर्नेहरू येशूलाई विश्वास गर्न पुगेपछि उहाँको निम्ति जोशिला भएका एक जमात हुन्छन्। तिनीहरूको विश्वासले गर्दा तिनीहरूलाई आगोको भट्टीमा हाले जस्तै महासङ्कष्टमा परेका हुन्छन्। तब तिनीहरूलाई आगोको भुङ्ग्रोबाट निकालिए जस्तै तिनीहरू उद्धार गरिएका हुन्छन्। तिनीहरूनै येशूप्रतिको भक्तिमा अत्यन्त प्रभाकारीरूपमा लागेका हुन्छन्। तिनीहरू मुक्तिदाता जता जता जानुहुन्छ उहाँको पछि पछि लागेको यूहन्नाले देखेका थिए। अर्को थरीका समूहले आफ्नो इसाई चरित्रलाई सिद्धरूपमा परिणत गरेका हुन्छन्। अनेकौं गलत शिक्षा र विश्वासघात गर्ने प्रवृत्तिबाट तिनीहरू

उम्केर परमेश्वरको व्यवस्थाको गरिमामलाई उचालेका हुन्छन्। कतिपय इसाई जगतले परमेश्वरको व्यवस्थालाई मान्नु पर्दैन अब त्यो क्रुसमा टाँगियो भनेर सिकाइरहेको सन्दर्भमा ती एक थरी हुलले युगौयुगदेखि परमेश्वरको व्यवस्थामा प्रतिबद्धता देखाउँदा करौडौं शहीद हुन पुगेका थिए। त्यसपछि पनि अर्को ठूलो हुल जुन कुनै मानिसले गन्न नसकिने हुन्छन् जो सबै राष्ट्र, भाषा, जाति, कुल र मानिसहरूबाट सिंहासन र थुमाको अगाडि खडा हुन्छन्। तिनीहरूले सेतो वस्त्र लगाएका हुन्छन् र हातहातमा खजुरका पातहरू लिएका हुन्छन् (प्रकाश ७:९)। तिनीहरूको युद्ध समाप्त भएर तिनीहरूले बिजय पाएका छन्। तिनीहरूको डौड सकियो र तिनीहरूले पाउने इनाममा तिनीहरू पुगेका छन्। खजुरका पातहरू तिनीहरूका हातहरूमा हुनुको अर्थ तिनीहरूले जितेका छन् भन्ने हो भनेर बताउँदछ। येशूको निर्मल धार्मिकताको चिन्हस्वरुप तिनीहरूले सेतो वस्त्र पहिरिएका हुन्छन्। त्यो वस्त्र तिनीहरूकै निम्ति हुनेछ।" एलेन जी ह्वाइट, द ग्रेट कन्त्रोभर्सी, पृ. ६६५बाट रूपान्तरित।

**हो, एक फेरा तपाईंले येशूलाई विश्वास गरेर उहाँको मार्गमा हिँडिरहने तपाईंको प्रतिवद्धताले गर्दा तपाईं उहाँको धार्मिकताको वस्त्रले पहिरिनुहुन्छ। यो तपाईंको विश्वासको बरदान हो। तर हामीहरूको दुःखकष्ट र परीक्षामा त्यो विश्वास अर्थात् येशूप्रतिको आस्थामा कसरी अडिग भएर बस्ने? अझ सबै सुख सुबिधा र उन्नति भएको बेलामा पनि तपाईंले त्यो विश्वासलाई कसरी थमाइ राख्ने? हेर्नुहोस् व्यवस्था ८:११-१८ "११ सावधान बस! मैले तिमीहरूलाई आज दिएका उहाँका आज्ञाहरू र उहाँका विधिविधान उल्लङ्घन गरेर परमप्रभु तिमीहरूका परमेश्वरलाई नभुल। १२ नत्रता जब तिमीहरू खाएर तृप्त हुनेछौ, र राम्रा-राम्रा घरहरू बनाएर बस्नेछौ, १३ जब तिमीहरूका बगाल र बथानको वृद्धि भएर जानेछ, र तिमीहरूका सुनचाँदी र तिमीहरूसित भएका सबै थोक प्रशस्त हुनेछन्, १४ तब तिमीहरू अहङ्कारी भएर तिमीहरूलाई दासत्वको देश मिश्रबाट ल्याउनुहुने परमप्रभु तिमीहरूका परमेश्वरलाई भुल्नेछौ। १५ उहाँले तिमीहरूलाई विषालु सर्प र बिच्छीहरू भएको, निर्जल र रूखो भूमि भएको विशाल र भयानक उजाड़-स्थानको बीचमा डोऱ्याउनुभयो। उहाँले तिमीहरूका निम्ति चट्टानबाट पानी निकाल्नुभयो। १६ अन्त्यमा तिमीहरूको भलो होस् भनेर उजाड़-स्थानमा तिमीहरूका पुर्खालाई थाहा नभएको मन्न खुवाएर उहाँले तिमीहरूलाई नम्र तुल्याउनुभयो र जाँच्नुभयो। १७ "हाम्रा हातको शक्ति र बलले नै यो धन-सम्पत्ति हामीले कमायौं" भनी तिमीहरूले मनमा सोचौला। १८**

तर परमप्रभु तिमीहरूका परमेश्वरलाई सम्झ, किनकि उहाँले नै तिमीहरूलाई धन-सम्पत्ति प्राप्त गर्ने शक्ति दिनुहुन्छ। यसरी नै उहाँले तिमीहरूका पुर्खाहरूसित बाँध्नुभएको करार स्थिर गर्नुहुन्छ, जो आजसम्म छँदैछ।"

## ४. थुमाको पछि पछि लाग्नेहरू

युगको अन्तमा महाकष्ट पाएर गनिएका १४४,०००का तीन मुख्य चरित्र वा विशेषताहरू छन् भनेर प्रकाश १४:१-५ले बताउँछ। ती स्वभावहरू प्रकाश १४:१२ले बताए अनुसार युगको अन्तमा जिइरहने सन्तका स्वभावहरूसँग कसरी मिल्दछ? हेर्नुहोस्: "१ अनि मैले हेरें, र सियोन डाँड़ामा थुमा खड़ा हुनुभएको मैले देखें। उहाँको साथमा एक लाख चवालीस हजार थिए, जसका निधारमा उहाँको नाउँ र उहाँका पिताको नाउँ लेखिएका थिए। २ अनि धेरै पानीहरूको आवाजजस्तै, र ठूलो गर्जनको आवाजजस्तो स्वर्गबाट आएको एउटा सोर मैले सुनें। मैले सुनेको त्यो सोर वीणा बजाउनेहरूले बजाइरहेका वीणाको सोरजस्तो थियो। ३ सिंहासनको र ती चार जीवित प्राणीहरूका र धर्म-गुरुहरूका अगाडि तिनीहरूले एउटा नयाँ गीत गाउँदथे। पृथ्वीबाट मोल तिरी छुटाएका एक लाख चवालीस हजारले बाहेक कसैले त्यो गीत सिक्न सक्दैनथ्यो। ४ तिनीहरू स्त्रीसँग लसपस भएका थिएनन्, र आफूलाई चोखो राखेका थिए। थुमा जता-जता जानुहुन्छ उहाँको पछिपछि लाग्नेहरू यिनीहरू नै हुन्। परमेश्वर र थुमाको निम्ति पहिलो फलको रूपमा मानिसहरूका बीचबाट यिनीहरू मोल तिरी छुटाइएका थिए। ५ तिनीहरूका मुखमा कुनै झूट पाइएन, तिनीहरू निष्खोट छन्।" र प्रकाश १४:१२ " परमेश्वरका आज्ञाहरू पालन गर्ने र येशूमाथि विश्वास राख्ने सन्तहरूको धैर्य धारण यसैमा छ।"

प्रकाश १४:४,५मा उल्लेख गरेका १४४,००० बिशेष चरित्रभएका सन्तहरूको साथमा युगको अन्तमा रहने परमेश्वरका आज्ञाहरू पालन गर्ने र येशूको विश्वासहुनेहरू (प्रकाश १४:१२)सँग उभिन पुग्नेछन्। तिनीहरूले युगको अन्तमा शैतानको प्रचण्ड क्रोधको सामना गर्नुपरेतापनि तिनीहरू आफ्ना विश्वासमा अडिग भएर बसे किनकि तिनीहरूको सम्बन्ध येशूसँग घनिष्ट थियो।

कुनै पनि स्त्रीसँग लसपस नगरेका र शुद्ध भएको ती १४४,००० थिए भन्नुको अर्थ के हो? १४४,०००मा भएको शुद्ध तथा निर्मल चरित्र यस पृथ्वीबाट मुक्ति पाएका परमेश्वरका प्रथम फलहरूसँग (प्रकाश १४:४) कसरी सम्बन्धित छ?

अनैतिक यौन सम्बन्ध परमेश्वरसँग विश्वासघात गर्नु सरह हो। युगको अन्तमा बेबिलोन बेश्या र उनका छोरीहरूको बारेमा प्रकाश १७:५मा चर्चा गरिएको छ ("५ त्यसको निधारमा एउटा नाउँ लेखिएको थियोः रहस्य पृथ्वीका वेश्याहरू र घिनलाग्दा कुराहरूकी आमा महान् बेबिलोन")। तिनीहरूसँग संसारका मानिसहरूले व्यभिचार गर्नेछन् भनेर प्रकाश १८ः३ले यसरी बताउँछ "किनकि सबै जातिहरूले त्यसको अशुद्ध कामवासनाको मद्य पिएका छन्, र पृथ्वीका राजाहरूले त्यससँग व्यभिचार गरेका छन्, र पृथ्वीका व्यापारीहरू त्यसको विलासिताको प्रभावले धनी भएका छन्।"

तर १४४,००० सन्तहरू ख्रीष्टको बफादारीमा रहिरहनेछन् र बेबिलोन र इसाई हुँ भनेर दावी गर्ने तर येशूको नीतिमा नहिँडी भड्केर गएका इसाई वा चर्चहरूको लसपसबाट आफूहरूलाई सुरक्षित राख्दछन्। जहाँ जहाँ थुमा जानुहुन्छ त्यहाँ त्यहाँ १४४,००० पछि पछि लाग्दछन्। "मानिसहरूको बीचबाट उद्धार पाइएका" र "परमेश्वर र थुमाका प्रथम् फलहरू वा अगौटे फलहरू" (प्रकाश १४:४) हुन् भनेर १४४,०००को बारेमा थप चर्चा गरिएको छ। पौराणिक इस्राएलमा प्रथम फल भन्दा खेतबारीको सबभन्दा उत्तम फल वा अन्नहरू थिए जुन परमेश्वरकहाँ ल्याइन्थ्यो (गन्ती १८:१२)। प्रथम बाली वा फल भनेर सम्बोधन गर्दा मुक्ति पाएकाहरू संसारका मानिसहरूभन्दा भिन्नै छन् भनेर पनि सम्बोधन गरिएको पाइएको छ। याकूबले याकूब १:१८मा यसरी उल्लेख गर्दछन् "उहाँले आफ्नै इच्छाले सत्यको वचनद्वारा हामीलाई जन्म दिनुभयो, यस हेतुले कि हामी उहाँको सृष्टिको एक अगौटे फलजस्तो बन्न सकौं।" तर प्रकाशको पुस्तकमा लेखिएको १४४,००० सन्तहरू बिशेष समूह हुन् जो मृत्यु नै नचाखी आफ्ना चोलाहरू स्वर्गको स्वभावमा परिणत भएर स्वर्गमा उचालिनेछन् (१ कोरन्थी १५:५०-५२)। यसरी हामी यो भन्न सक्दछौं कि तिनीहरू युगौं युगदेखि मुक्ति पाएका अगौटे फलहरू हुन् जुन येशूको आगमनमा मुक्ति पाएकाहरूको ठूलो जमातमा तिनीहरू समावेश हुनेछन् (प्रकाश १४:१४-१६ "१४ अनि मैले हेरें, र एउटा सेतो बादल र त्यसमाथि बस्नुभएको मानिसको पुत्रजस्तो एक जनालाई देखें, जसको शिरमा सुनको मुकुट थियो र हातमा एउटा धारिलो हँसिया थियो। १५ अर्को एउटा स्वर्गदूत मन्दिरबाट बाहिर आए, र बादलमाथि बस्नुहुनेलाई चर्को सोरले भने, "तपाईंको हँसिया लिनुहोस्, र कटनी गर्नुहोस्, किनकि कटनीको समय आएको छ, किनभने

पृथ्वीको बाली पूरै पाकिसकेको छ।" १६ यसरी बादलमाथि बस्नुहुनेले आफ्नो हँसिया पृथ्वीमाथि चलाउनुभयो, अनि पृथ्वीको कटनी भयो")।

**आत्मिक बेश्यावृत्ति जान अजानमा भइरहनुको खतरा के हो? हामी त सुरक्षित छौं भनेर हामीले ढुक्क मानेतापनि नपत्यारिलो तरिकाले हामी येशूको नीतिबाट अलगिएर आत्मिक बेश्यावृत्तिमा कसरी फस्न सक्छौं?**

## ५. परमेश्वर र थुमामा मुक्ति

**युगको अन्तमा रहने परमेश्वरका जनहरू कुनै दोष नभएका र चरित्रमा कुनै कलङ्क नलागेकाहरू निष्कलङ्क हुन्छन् भनेर देहायका पदहरूले व्यक्त गर्दछन्। त्यो स्थितिमा हामी कसरी पुग्न सक्छौं? हेर्नुहोस्, प्रकाश १४:५ "तिनीहरूका मुखमा कुनै झूट पाइएन, तिनीहरू निष्खोट छन्।", २ पत्रुस ३:१४ "यसकारण प्रिय हो, तिमीहरू यी कुराको प्रतीक्षा गर्नेहरू भएका हुनाले, उहाँको दृष्टिमा तिमीहरू दाग वा खोट नभएकाहरू र शान्तिमा बस्नेहरू हुन प्रयत्न गर।" र यहूदा २४,२५ "२४ अब, जसले तिमीहरूलाई पापमा फस्नदेखि बचाउन सक्नुहुन्छ, र जसले तिमीहरूलाई आनन्दसहित उहाँकै महिमाको सामने निष्कलङ्क प्रस्तुत गर्न सक्नुहुन्छ, २५ उही एकमात्र परमेश्वर, हाम्रा मुक्तिदातालाई येशू ख्रीष्ट हाम्रा प्रभुद्वारा महिमा, प्रभुत्व, पराक्रम र अधिकार युग-युग पहिलेदेखि आज र सदासर्वदा भइरहोस्। आमेन।"**

१४४,००० सन्तहरूको स्वभावको अन्तिम गुणमा तिनीहरूको मुखमा कुनै दोष थिएन। तिनीहरू परमेश्वरको सिंहासनको सामु निर्दोष तथा निष्कलङ्क थिए" (प्रकाश १४:५)। परमेश्वर नै छैन, परमेश्वर को हो आदि भनेर ढुक्क भएर बस्नेहरूले शैतानको झुटो जालोमा फस्न निर्णय गर्दछन् भने युगको अन्तमा हुने परमेश्वरका जनहरूको व्यवहार, बोलीमा कुनै खराब नियत देखिएको हुँदैन। मुक्ति पाउन तिनीहरूले सत्यलाई प्रेम गर्ने हुन्छन् ("९ शैतानको कामकाजबमोजिम पापको मानिस सारा शक्ति र छलपूर्ण चिन्हहरू र चमत्कारसहित, १० र नाश हुनेहरूलाई छलमा पार्ने समस्त दुष्टतासहित आउनेछ, किनकि तिनीहरूले सत्यलाई प्रेम गर्न र त्यसरी बाँच्न इन्कार गरे। ११ यसैकारण तिनीहरूले झूटा कुरामा विश्वास गरून् भनेर परमेश्वरले तिनीहरूमाथि एक शक्तिशाली भ्रम पठाउनुहुन्छ, १२ ताकि सत्यमाथि विश्वास नगर्ने, तर अधार्मिकतामा आनन्द मनाउने सबै जना दोषी ठहरिऊन्" (२ थेसलोनिकी २:९-१२)। "दोष वा दाग नभएका" (ग्रीक शब्दमा amomos

आमोमोस वा "निष्खोट वा कुनै कसुर नभएको भनेर अर्थ लगाइन्छ) भनेर १४४,०००लाई सम्बोधन गरिएको अर्थ तिनीहरू येशूप्रतिको निष्ठामा अडिग भएर बसेका भनेर बुझाउँछ। परमेश्वरका जनहरू पवित्र हुन बाइबलले आह्वान गर्दछ (लेबीहरू १९:२ "१ परमप्रभुले मोशालाई भन्नुभयो, २ "सबै इस्राएली समुदायलाई भन्: 'तिमीहरू पवित्र होओ, किनभने म, परमप्रभु तिमीहरूका परमेश्वर, पवित्र छु।" र १ पत्रुस २:९ "तर तिमीहरू त चुनिएका वंश, राजकीय पूजाहारीगिरी, पवित्र जाति, परमेश्वरका निजी प्रजा हौ। उहाँले तिमीहरूलाई अन्धकारदेखि उहाँका उदेकको ज्योतिमा ल्याउनुभयो, ताकि तिमीहरू उहाँका आश्चर्यपूर्ण कार्यहरूको घोषणा गर्न सक।" अब्राहम र अय्यूब निर्दोष थिए (उत्पत्ति १७:१ "१ जब अब्राम उनान्सय वर्षका भए तब परमप्रभु अब्रामकहाँ देखा पर्नुभयो, र तिनलाई भन्नुभयो, "म सर्वशक्तिमान् परमेश्वर हुँ। मेरो सामु हिंड्, र निर्दोष भएर बस।" र अय्यूब १:१ "१ ऊज देशमा अय्यूब नाउँ भएका एक जना मानिस बस्दथे। तिनी निर्दोष र सोझो जीवन बिताउँथे। तिनी परमेश्वरसँग डराउँथे र दुष्टताबाट अलग बस्थे")। येशूलाई आफ्नो मुक्तिदाता भनेर ग्रहण गर्ने प्रत्येक भक्तलाई परमेश्वरको सामु पवित्र हुन र निर्दोष जीवन यापन गर्न आह्वान गरिएको छ (एफिसी ५:२७ "उहाँले दाग वा चाउरी नभएको, अथवा यस्ता कुनै कुरा नभएको तेजस्वी मण्डली आफैकहाँ प्रस्तुत गर्न सकून्, र त्योचाहिँ पवित्र र निष्खोट होस्।" र फिलिप्पी २:१५ "कि तिमीहरूचाहिँ निर्दोष र सुधा भएर टेढ़ा र बरालिएका पुस्ताको बीचमा परमेश्वरका निष्खोट सन्तान होओ, जुन पुस्ताको बीच संसारमा तिमीहरू ताराहरूझैं चम्कन्छौ")।

**रोमी ३:१९-२४मा अत्यन्त निर्णायक सत्य हामीहरूको सामु तेर्स्याइएको छ। त्यसलाई सधैं आत्मसात् गरिराख्नु किन जरुरी छ? हेर्नुहोस् "१९ अब हामी जान्दछौं, जे-जति व्यवस्थाले भन्छ, व्यवस्थामुनि हुनेहरूलाई नै भन्छ, कि हरेक मुख चूप रहोस्, र सारा संसार परमेश्वरको अगि जवाफदेही होस्। २० यसैकारण व्यवस्थाको कर्मले कोही प्राणी उहाँको दृष्टिमा धर्मी ठहरिनेछैन, किनकि व्यवस्थाद्वारा नै पापको चेतना हुन्छ। २१ तर अब त व्यवस्थाविनै परमेश्वरबाट आउने धार्मिकता प्रकट भएको छ। त्यसैको गवाही व्यवस्था र अगमवक्ताहरूले दिएका छन्। २२ येशू ख्रीष्टमा विश्वास गर्ने सबैमाथि परमेश्वरको धार्मिकता विश्वासद्वारा प्रकट भएको छ। किनभने केही भेद छैन, २३ किनकि सबैले पाप गरेका छन्, र परमेश्वरको महिमासम्म**

**पुग्नबाट चुकेका छन्। २४ परमेश्वरका अनुग्रहको वरदानले ख्रीष्ट येशूमा भएको उद्धारबाट तिनीहरू सित्तैंमा धर्मी ठहरिएका छन्।"**

जब संसारको इतिहासको अन्त हुन्छ तब १४४,०००ले येशूको चरित्रलाई प्रतिबिम्बित गरेका हुन्छन्। तिनीहरूले पाएको मुक्तिले तिनीहरूलाई येशूले के गर्नुभयो सोलाई प्रतिबिम्ब गरिनेछ। तिनीहरूले आफ्नो कुनै धर्मकर्मबाट वा आफू पवित्र छु भनेर दावी गर्नेबाट आफूले मुक्ति पाएका होइनन् तर येशूको अनुग्रहद्वारामात्रै मुक्ति पाएका हौं भनेर दावी गर्नेछन् (एफिसी २:८-१० "८ किनभने अनुग्रहबाट विश्वासद्वारा तिमीहरूले उद्धार पाएका छौ– र यो तिमीहरू आफैबाट होइन, यो त परमेश्वरको वरदान हो– ९ कर्महरूद्वारा होइन, नत्रता मानिसले घमण्ड गर्नेछ। १० किनकि हामी असल कामहरूका निम्ति ख्रीष्ट येशूमा सृजना गरिएका उहाँका हातका सीप हौं। हामी ती बमोजिम हिंड़ौं भन्ने हेतुले परमेश्वरले पहिलेबाटै ती तयार गर्नुभएको थियो")। १४४,०००ले आफ्ना पोशाकहरू थुमाको रगतले धोएर सेतो बनाएका हुन्छन् (प्रकाश ७:१४) र यस्ता परमेश्वरका जनहरू उहाँको सामु निर्दोष र निष्खोट हुन्छन् (२ पत्रुस ३:१४ रूपान्तरित)।

**"जबसम्म हामी हामीहरूका मुक्तिदाताको स्वरुपलाई प्रतिबिम्ब गर्दैनौं तबसम्म सबै सांसारिक तत्वबाट हामी खारिएको हुनुपर्छ र सफा हुनुपर्दछ। यस प्रक्रियाले हामीहरू पनि परमेश्वरको स्वभावमा सहभागी हुन सक्छौं।**

**"जब यस संसारमा जीवनका सबै संघर्षहरूको अन्त्य हुन्छ, जब हामीहरूका सबै अस्त्रशस्त्रहरू येशूका पाऊमा फुकालेर राख्दछौं, जब परमेश्वरका सन्तहरूको महिमा हुनेछ तब मात्र हामीहरू मुक्ति पाएकाछौं र पापरहित छौं भनेर दावी गर्ने सक्षम हुनेछौं।"-एलेन जी ह्वाइट, सेलेक्टेड मेसेजेज, बुक ३, पृ. ३५५,५६बाट रूपान्तरित।**

**अनन्त जीवनको तयारीमा सक्रिय भएर पवित्र जीवन हामी कसरी जिउन सक्छौं? फेरि त्यसै वखत हामी अतिवादी भएर हामी अरूभन्दा धर्मात्मा, सिद्ध, पवित्र वा असल छौं भनेर दावी गर्दै अरूबाट अलग भएर बस्ने प्रवृत्तिबाट हामी कसरी बच्ने?**

## उपसंहारः

**थप जानकारीको निम्तिः** एलेन जी ह्वाइटद्वार लिखित सेलेक्टेड मेसेजेज, पृ. ३५३-३५७को अध्याय "सिनफुलनेस एण्ड सालभेशन" पढ्नुहोस्।

इसाई जगतमा युगौं युगदेखि १४४,००० सन्तहरूको बारेमा अत्यन्त वादविवाद भइरहेको पाइन्छ। प्रकाशको पुस्तकमा ती १४४,००० सन्तहरू संसारको इतिहासको अन्तमा रहने परमेश्वरका अन्तिम पिंढीहरू हुन् भनेर खुलासा गरिएको छ। तिनीहरूले अनेकौं महाकष्टहरू भोग्नेछन् र अन्तिम सात महामारीबाट तिनीहरूलाई सुरक्षित राखिनेछ भनेर हामीलाई बताइएको छ (हेर्नुहोस् ती कष्ट भोग्नेहरूलाई परमेश्वरले दिनुभएको प्रतिज्ञाः भजन ९१:७-१६ "६ न त अन्धकारमा फैलिने रूढ़ीदेखि, न मध्यदिनमा नाश गर्ने महामारीदेखि डराउनेछौ। ७ एक हजार जना तिम्रो नजिक लोट्लान्, र तिम्रो दाहिने हाततर्फ दश हजार जना, तर तिम्रो नजिक त्यो आउनेछैन। ८ तिमीले आफ्ना आँखाले मात्र त्यो अवलोकन गर्नेछौ, र दुष्टहरूको प्रतिफल देख्नेछौ। ९ यदि तिमीले सर्वोच्च प्रभुलाई आफ्नो वासस्थान बनायौ भने– परमप्रभुलाई, जो मेरो शरणस्थान हुनुहुन्छ– १० तिम्रो कुनै अनिष्ट हुनेछैन, तिम्रो घरको नजिक कुनै विपत्ति आउनेछैन। ११ किनकि उहाँले आफ्ना स्वर्गदूतहरूलाई, तिम्रा सबै मार्गमा रक्षा गर्नलाई आज्ञा दिनुहुनेछ। १२ तिनीहरूले तिमीलाई आफ्ना हात-हातै थाम्नेछन्, नत्रता तिम्रो खुट्टा ढुङ्गामा ठोकिनेछन्। १३ तिमीले सिंह र गोमनलाई कुल्चनेछौ, जवान सिंह र सर्पलाई तिमीले पैतालामुनि लतार्नेछौ। १४ परमप्रभु भन्नुहुन्छ, "त्यसले मलाई प्रेम गरेको हुनाले, म त्यसलाई छुटाउनेछु। त्यसले मेरो नाउँ ग्रहण गरेको छ, यसकारण म त्यसको रक्षा गर्नेछु। १५ त्यसले मेरो पुकार गर्नेछ, र म त्यसलाई उत्तर दिनेछु। त्यसका दुःखको घड़ीमा म त्यससँग हुनेछु, म त्यसलाई छुटकारा दिनेछु, र आदर गर्नेछु। १६ लामो आयु दिएर म त्यसलाई सन्तुष्ट तुल्याउनेछु, र त्यसलाई म उद्धारको दर्शन दिनेछु")। परमेश्वरप्रति तिनीहरूको निष्ठालाई यसरी जाँचिनेछ कि विगतका कुनै पनि समयमा कसैलाई पनि जाँचिएको थिएन।

त्यस १४४,०००मा ठ्याक्कै को होला भनेर हामीलाई प्रकट गरिएको छैन। तिनीहरूको पहिचान रहस्यमय छ जुन परमेश्वर आफैले राख्नुभएको छ (व्यवस्था २९:२९ "प्रकट नभएका कुराहरू परमप्रभु हाम्रा परमेश्वरका हुन्। तर हामीले यस व्यवस्थाका सम्पूर्ण वचन पालन गर्नलाई प्रकट भएका कुराहरू हाम्रा र हाम्रा सन्तानका लागि सदाको निम्ति हुन्")। ती मुक्ति पाएका सन्तहरूको समूह को हुने होला भनेर केवल भविष्यलेमात्रै देखाउनेछ। यस रहस्यको बारेमा हामीलाई एलेन जी ह्वाइटले यसरी सतर्क गराउनुभएको छः

"चर्चमा यस्ता मानिसहरूको उपस्थिति हुनेछ जब अनेकौं अनुमानित दर्शनहरू र मनगढन्ते कथाहरूबाट इसाईहरूलाई मुग्ध पारेर परमेश्वरको वचनबाट टाढा राखिन्छ। अन्त्यन्त महान् आत्मिक ज्ञान, मानिसको आत्मालाई उचाल्ने र प्रतिष्ठित सत्यहरूलाई विश्वासीहरूले आफ्नै दिमागमा लुकाएर नराखोस परमेश्वरले दिनुभएको छ। जब मानिसहरूले यस दर्शन त्यस दर्शन वा यस मत त्यस मत भनेर भुलिरहन मनपराउँछन्, जब तिनीहरूलाई आवश्यक नै नभएको कौतुहलता वा चासोप्रति दिमाग खियाउँछन् तब परमेश्वरले तिनीहरूलाई अगुवाई गरिरहनुभएको होइन भनेर मानिलिनुपर्छ। परमेश्वरको वचनमा नसिकाइएका कुराहरूलाई अनेकौं अनुमान गरेर मानिसहरूको सामु प्रस्तुत गर्नु परमेश्वरको योजना होइन। आत्मिक जीवनलाई सहयोग नगर्ने बिभिन्न प्रश्नहरूको बारेमा वादविवाद गरोस् भन्ने परमेश्वरको चाहना होइन। उदाहरणमा १४४,००० जना सन्तहरूमा को को हुन् भन्ने एक जिज्ञासा हो। यो र अरू जिज्ञासाहरू परमेश्वरले चुनिएकाहरूले छिटै थाहा पाउनेछन् भन्ने कुरामा कुनै द्विविधा छैन।"-एलेन जी ह्वाइट, सेलेक्टेड मेसेजेज्, बुक १, पृ. १७४बाट रूपान्तरित।

**चिन्तनमनन:**

**अ) यो सावधानीप्रति ध्यान दिनुहोस्: "एक लाख चौवालिस हजारमा हामी सामेल हुन हामी परमेश्वरले दिनुभएको सबै शक्तिले प्रयत्न गरौं।"-एलेन जी ह्वाइट कमेन्टन्टस्, द एसडिए बाइबल कमेन्टरी, ठेली ७, पृ. ९७०बाट रूपानतरित। यदि हामी युगको अन्त्यमा रहेकाछौं भने त्यस १४४,०००को संख्यामा सहभागी हुन हामीले प्रयत्न गर्नु आवश्यक छ। तर तपाईंको दैनिक जीवनमा यस प्रयासले कसरी प्रभाव पार्न सक्छ? नयाँ गीत गाउने पनि १४४,००० सन्तहरूको एक बिशेष स्वभाव हो। यो गीत अरू कसैले गाउन सक्दैन किनभने यो गीत व्यक्तिगत अनुभवको गीत हो जुन् कुनै पनि विगतको इतिहासका समूहले गाएका थिएनन् (प्रकाश १४:३-५ "३ सिंहासनको र ती चार जीवित प्राणीहरूका र धर्म-गुरुहरूका अगाडि तिनीहरूले एउटा नयाँ गीत गाउँदथे। पृथ्वीबाट मोल तिरी छुटाएका एक लाख चवालीस हजारले बाहेक कसैले त्यो गीत सिक्न सक्दैनथ्यो।४ तिनीहरू स्त्रीसँग लसपस**

भएका थिएनन्, र आफूलाई चोखो राखेका थिए। थुमा जता-जता जानुहुन्छ उहाँको पछिपछि लाग्नेहरू यिनीहरू नै हुन्। परमेश्वर र थुमाको निम्ति पहिलो फलको रूपमा मानिसहरूका बीचबाट यिनीहरू मोल तिरी छुटाइएका थिए। ५ तिनीहरूका मुखमा कुनै झूट पाइएन, तिनीहरू निष्खोट छन्।" र प्रकाश १५:२,३ "२ आगोसँग मिसिएका काँचको समुद्रजस्तो मैले देखें। त्यहाँ पशु र त्यसको मूर्तिमाथि र त्यसका नाउँको संख्यामाथि विजय पाउनेहरू आफ्ना हातमा परमेश्वरको वीणा लिई त्यस काँचका समुद्रको किनारमा खड़ा थिए। ३ तिनीहरूले यसो भनेर परमेश्वरका दास मोशाको भजन र थुमाको भजन गाउँदैथिए, "हे परमप्रभु परमेश्वर सर्वशक्तिमान्, तपाईंका कार्य महान् र आश्चर्यपूर्ण छन्, युग-युगका महाराजा, तपाईंका मार्ग धार्मिक र सत्य छन्।" जब तपाईंले आफ्नो जीवनलाई हेर्नुहुन्छ तब तपाईंको आत्मिक हिँडाइमा हुने परमेश्वरसँगको ताजा अनुभवमा तपाईंको हृदयमा कस्तो खालको गीत गुञ्जीरहेको पाइरहनुभएको छ? के तपाईंको जीवनमा परमेश्वरले तपाईंलाई पहिला के गर्नुभयो भनेर बासी अनुभवहरूमामात्र सोच विचार गराइरहनुहुन्छ कि? के यसले परमेश्वरप्रति तपाईंको बर्तमान समर्पणतामा कमी आएको त होइन? आफ्नो जीवन परमेश्वरमा फेरि समर्पण गर्न अहिले नै तपाईंले आफ्नो ब्यवहारमा के परिवर्तन गर्नु आवश्यक छ?

आ) येशूको बारेमा थाहा पाउनु र उहाँलाई नै व्यक्तिगत जीवनमा चिन्नुमा के फरक छ? यदि कसैले "येशू कस्तो हुनुहुन्थ्यो?" भनेर सवाल गर्दा तपाईंको जवाफ कस्तो हुने होला र किन?

# कथा ६

# तर्साउने सपनाहरू

## आन्टोनियो होसे आब्रेन, ४५, साओ टोमे र प्रिन्सिपे

साओ टोमे र प्रिन्सपेको राजधानी साओ टोमे हो। यो पश्चिम अफ्रिकाको समुद्र किनारबाट पर रहेको टापु देश हो। आन्टोनियो साओ टेमोमा कर उठाउने पुलिस अफिसर थियो। तर काम गरेको केही महिनाभित्रै ऊ केटीसँग लाग्दा उसले आफ्नो काम गुमाउनुपरेको थियो। त्यस केटीलाई विवाह गर्न ऊ वाध्य भएको थियो। अहिले काम नपाएर भौंतारिरहेको आन्टोनियोको जीवन अत्यन्त कष्टकर थियो। एक वर्षपछि रक्सी बनाउने कारखानामा उसले काम पायो। तर आन्टोनियोको वैवाहिक जीवन नारकीय थियो। घरमा सधैं झगडा हुन्थ्यो। श्रीमतीलाई मनाउन उसले धेरै कोशिस गर्दथ्यो तर आन्टोनियोले उनलाई रिझाउन सकेन। आखिरमा तिनीहरूको बीचमा पारपाचुके नै भयो। केही समयपछि उसको बुबाको मृत्यु भयो। आन्टोनियो अत्यन्तै उदास भयो र जीवनदेखि विरक्त लागेर जाँडरक्सी पिउन थाल्यो। अल्सिना नाउँ गरेकी स्त्रीसँग विवाह नै नगरि आन्टोनियो बस्न थाल्यो। तिनीहरूले दुई छोरा र एक छोरो पाए।

"मेरो जीवन अत्यन्तै जटिल भएको थियो। मैले धेरै रक्सी पिउन थालेको थिएँ। घर चलाउन चाहिने पैसा पुग्दैनथ्यो" आन्टोनियोले विगतको दुःख पोखाउँदै यस कथाका लेखकलाई भन्यो। भताभुङ्ग भएको जीवनलाई झन भताभुङ्ग पार्न आन्टोनियोले अनेकौं नराम्रो सपनाहरू देख्न थाल्यो। उसले देखेको अनौठो सपनाहरूदेखि उसको मन काँप्न थाल्यो। साओ टोमेका मानिसहरूले आफूहरूले देखेका सपना अर्थपूर्ण भएको ठान्दछन्। यदि कसैले बाढी आएको सपना देख्यो भने दुःखकष्ट आउँछ भनेर तिनीहरूले विश्वास गर्दछन्। यदि आफ्नो सपनामा स्थानीय फलफूल देख्यो भने त्यो देखिने मानिसको परिवारमा मृत्युको घन्टा बजेको हुन्छ भनेर विश्वास गर्दछन्।

तर एक रात आन्टोनियोले देखेको सपनामा बाढी र फलफूल देखेको थिएन। तर उसले सपनामा आफू दुईवटा भरेङ्गहरूको अगाडि उभिरहेको देखेको थियो र आफूले झोला बोकिरहेको देखेको थियो। एउटा भरेङ्ग अत्यन्तै फराकिलो थियो भने अर्को भरेङ्ग साँगुरो थियो। झोला बोकेर फराकिलो भरेङ्ग चढ्न त सक्छ तर साँगुरो भरेङ्गमा चढ्न नसक्ने उसले भेट्टाएको थियो। अनि फेरि उसले अर्को सपना पनि देख्यो। त्यस सपनामा ऊ हिंड्दै जाँदा एउटा ढोकामा आइपुग्यो तर त्यहाँ एउटी महिलाले ठूलो ढुङ्गा लिएर उसलाई रोकिन्। उसले ढुङ्गालाई पन्छाउन सकेन तर एउटा साँगुरो बाटो उसले देख्यो र त्यहाँबाट ऊ

घस्रेर भित्र पस्यो। जब ऊ ढोकाबाट भित्र पस्यो तब त्यहाँ एउटा गुफा देख्यो। त्यस गुफामा पानीको पोखरी थियो। कसैले आन्टोनियोलाई पोखरीतिर औल्याउँदै थियो। जब आन्टोनियो बिउँझियो तब त्यो सपनादेखि ऊ चकित भयो। "मैले सपनाको बारेमा बुझ्न सकिँन तर परमेश्वरले केही कुरा प्रकट गरिरहनुभएको मैले महसुस गरेँ" उसले भन्यो। एकदिन आन्टोनियो रक्सी कारखानको धनीको घरमा काम गर्दै थियो तब त्यहाँ एक जना छिमेकीले उसलाई स्थानीय सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा हुने सुसमाचारीय कार्यक्रममा भाग लिन निम्तो दियो।

त्यस रात बेलुका सुसमाचारीय कार्यक्रममा जब आन्टोनियो समावेस भयो तब पास्टरले बोलेको वचन सुनेर उसलाई ठूलो धक्का लाग्यो। उनले मत्ती ७:१३,१४ पढेका थिए जसमा लेखिएको छ "साँघुरो ढोकाबाट पस। फराकिलो ढोकाले फराकिलो बाटोमा लान्छ र त्यसले नाश ल्याउँछ। त्यहाँबाट जानेहरू धेरै छन्। साँघुरो ढोकाभित्र जान कठिन छ। जो मानिस त्यसबाट पस्छ उसको जीवन कठिन हुन्छ र केवल केहीमात्र त्यसबाटो भेट्टाएर जान सक्छन्" (रूपान्तरित)।

आन्टोनियो अर्को रात पनि अझ धेरै सुसमाचार सुन्न चर्चमा आयो। "जब मैले सुसमाचारीय कार्यक्रममा भाग लिदै गएँ तब साँघुरो ढोकाबाट पस्न मेरो अगाडि जे जे थि ती हटाउनुपर्नेरहेछ भनेर महसुस गरेँ। सानो भरेङ्गबाट जान मेरो जीवनमा जे थिए तिनलाई हटाउनु पर्ने आवश्यकता भएको मैले ठानेँ" उसले भन्यो। उसको जीवनमा जे जे भारहरू छन् जसले उसलाई थिचिराखेको छ सपनामा उसले बोकेको झोलाको अर्थ त्यो थियो भनेर उसले बुझ्यो र पोखरीको अर्थ बप्तिस्मा रहेछ भनेर पनि थाहा पायो। "मेरो जीवनमा जुन तत्वहरूले दास बनाइराखेको थियो त्यसलाई हटाएपछि म बप्तिस्मा लिन तयार हुनेछु भनेर मैले स्वीकारेँ" नहिच्किच्याइकन उसले भन्यो।

दुवै आन्टोनियो र उसको श्रीमतीले बप्तिस्मा लिए र पछि दुवैले औपचारिकरूपमा विवाह गरे।आज वर्ष ४५को आन्टोनियो एउटा काठको काम गर्ने व्यापारको पैसाको हिसाब राख्ने काम गर्दछ। जुन चर्चमा उसले सुसमाचारीय प्रचारमा भाग लिएको थियो त्यही चर्चमा आज ऊ डिकन भएर चर्चलाई सहयोग गरिरहेकोछ।

अहिले उसको जीवन जटिल होइन तर व्यवस्थित भएको छ। "म धेरै खुशी छ। हामीलाई सबै थोक दिनुभएकोमा म परमेश्वरलाई धन्यवाद दिन्छु" परमेश्वरप्रति आभारी भएर उसले भन्यो। (यस त्रैमासिक भेटीको केही भाग साओ टोमेमा दुर्व्यसनमा लागिरहेका युवायुवतीहरूलाई सहयोग गर्न पुनर्स्थापना भवन बनाउन प्रदान गरिनेछ)।

**-लेखक आन्द्रु मेकचेस्ने**